कञ्चन गाउँपालिका राजपत्र

राजपत्रमा प्रकाशित मिति २०७६/०४/२१

# कञ्चन शिक्षा नियमावली २०७५

कञ्चन शिक्षा नियमावली २०७५ को पहिलो सँसोधन मिति २०७६/०४/१९

१.कञ्चन शिक्षा नियमावली २०७५ परिच्छेद-९ को नियम ५० को उपनियम २ मा स्नातक र स्नातकोत्तर शब्दको अंगाडी शिक्षाशास्त्र भन्ने शब्द थप गरिएको

२. नियम ५० को उपनियम २ मा २(क) **थप गरिएको ।**

-२(क) प्रधानाध्यापक बन्नका लागि गाउँपालिका भित्रका उपनियम २ बमोजिम योग्यता पुगेका स्थायी शिक्षकले विद्यालयमा निवेदन दिइ विद्यालय विकास प्रस्तावना अनुसार कम्तिमा न्युनतम ६० अंक भन्दा बढी अंक प्राप्त गर्ने शिक्षकलाइ विद्यालयको वि.व्य.स तथा शिक्षक स्टाफको संयुक्त वैठक बाट गाउँ शिक्षा समितिमा सिफारिस गरिएका तीन जना मध्ये प्रस्तावनाको मुल्यांकनका आधारमा शिक्षा समितिको निर्णय बमोजिम शिक्षा अधिकृतले पाँच वर्षको लागि प्रधानाध्यापकमा नियुक्ति गर्न सक्नेछ ।

३. नियम ५० को उपनियम ४ मा तपशिलको वाक्यांश झिकिएको ।

- मुल्यांकनको आधार के हो ?

४.कञ्चन शिक्षा नियमावली २०७५ को परिच्छेद ९ नियम ५७ को उपनियम २ खारेज गरिएको ।

५. नियम ५७ को उपनियम २ मा २(क) थप गरिएको ।

२(क) शिक्षकको सरुवा गर्दा नेपाल सरकारको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी र राहत शिक्षकको सरुवा गरिनेछ ।

६. नियमावलीको नियम ५७ को उपनियम ६ मा च (१) थप गरिएको छ ।

च (१) यस गाउँपालिका भित्रको कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीहरु विच एक आपसमा तालमेल हुन नसकी विद्यालयाको नियमित पठनपाठनमा असहज अवस्था सिर्जना भएमा (यी वा अन्य कारणले) पठनपाठन कार्यलाई नियमित गराई विद्यालय सुचारु रुपले सञ्चालन गर्नको लागि गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयका शिक्षकहरुलाई सरुवा अवधि नपुगेको भएता पनि गाउँपालिका भित्रको अन्य स्थानमा काज राख्न, सरुवा गर्न वा गाउँपालिकामा काज तान्न गाउँ

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकिय अधिकृत

कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ । उक्त सिफारिस प्रमुख प्रशासकिय अधिकृत मार्फत गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ र गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरेमा त्यस्ता शिक्षकहरुलाई शिक्षा शाखा प्रमुखले सरुवा गर्नु पर्नेछ ।

**५. नियमावलीको नियम ५७ को उपनियम ६ को (झ) पछि तपशिलको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको।**

तर माथी जेसुकै लेखिएको भएतापनि गाउँपालिका भित्रका विद्यालयमा सो विद्यालयको शिक्षकको कारणले असामान्य अवस्था सिर्जना भई विद्यालय बन्द/तालाबन्दी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमोदन गरेमा जुनसुकै बेला गाउँ शिक्षा अधिकृतले उक्त शिक्षकलाई गाउँपालिका भित्रको अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

आज्ञाले

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकिय अधिकृत